गुठीचौर गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
धलमुडी जुम्ला
कर्णाली प्रदेश, नेपाल

# विपद पिडित उद्धार तथा राहत वितरण कार्यविधि २०८३

बैठक संख्या ३०
मितिः२०८३।०३।१६ गते
समयः बिहानः ६ बजे
स्थानः गुठिचौर गाँउपालिका को कार्यालय धलमुडि जुम्ला

माथी उल्लेखित मिति समय र स्थानमा यस गुठिचौर गाँउपालिका उपाध्यक्ष एवम कार्यबाहक अध्यक्ष श्री शान्ति कुमारी मल्ल भण्डारी ज्यूको अध्यक्षतामा गाँउकार्यपालिका बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरीयो ।

तपसित

| क्र सं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शान्ति कुमारी मल्ल भण्डारी | कार्यबाहक अध्यक्ष | |
| २ | श्री अर्जुन कुमार महतारा | १ नं वडा अध्यक्ष | |
| ३ | श्री दिप बहादुर ऐडी | २ नं वडा अध्यक्ष | |
| ४ | श्री ईन्द्र बुढा | ३ नं वडा अध्यक्ष | |
| ५ | टिकादत्त न्यौपाने | ४ नं वडा अध्यक्ष | |
| ६ | कमल बहादुर महत | ५ नं वडा अध्यक्ष | |
| ७ | बसन्ति बुढा | कार्यपालिका सदस्य | |
| ८ | श्री नन्दरुपा न्यौपाने | कार्यपालिका सदस्य | |
| ९ | श्री बास्मति कामी | कार्यपालिका सदस्य | |
| १० | देउराम नेपाली | कार्यपालिका सदस्य | |
| ११ | टेक बहादुर बुढथापा | ~~सदस्य~~ सचिव | |

सहयोगी कर्मचारीहरु

| क्र सं | कर्मचारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गंग प्रसाद पाण्डे | अधिकृत छैटौं | |
| २ | श्री राजेन्द्र बहादुर खत्री | प्रशासकिय अधिकृत | |
| ३ | श्री विष्णु बहादुर शाही | लेखा अधिकृत | |
| ४ | श्री गया प्रसाद कुमाई | सि अ हे व अधिकृत छैटौं | |
| ५ | श्री झुनमाया भण्डारी | | |

## विपद् पिडित उद्धार तथा राहात वितरण सम्बन्धी कार्यविधि २०८३

प्रथम संसोधन

प्राकृतिक र गैर प्राकृतिक विपदमा परी मानविय तथा भौतिक क्षति पुगेका व्यात्ति परिवार वा संस्थामा कार्यरत व्यात्तिलाई उद्धार तथा राहत उपलव्ध गराउने कार्यलाई सरल सहज पारदर्शी र प्रभावकारी बनाई विपद राहत वितरणलाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न तथा उनीहरुका परिवारलाई वितरण गरिने राहतमा एकरुपता कायम गर्न साथै राहत वितरण एवं सहयोगलाई सरल एंव विश्वसनीय बनाउने उदेश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (१) बमोजिम विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी गुठिचौर गाउँपालिकाले यो मापदण्ड बनाई जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "विपद् राहत वितरण सम्बन्धी मापदण्ड २०८३ रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुने छ ।

### २. परिभाषा र व्याख्या

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा:-

(क) "गैर प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू ,प्यान्डामिक फ्लू ,प्लेग रोग ,सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त बायू सेवन, वातावरणीय प्रदूषण वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनु पर्छ ।

(ख) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुवान, खडेरी, आँधी, हुरी बतास, शीत लहर, तातो हावाको लहर, चट्याङ्ङ्गा, भूकम्प ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले

उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ

(ग) "विपद् भन्नाले" कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनु पर्छ ।

(घ) "पीडित भन्नाले" गुठिचौर गाँउपालिका भित्र प्राकृतिक वा मानिवय विपदको घटनाबाट मानवीय वा भौतिक क्षति पुगेको व्यक्ति वा परिवार सम्झनु पर्छ ।

(घ) "राहत" भन्नाले गुठिचौर गाउँपालिकाले प्रदान गर्ने नगद वा जिन्सी लगायतका सेवा सुविधा वा वस्तुगत सहायतालाई सम्झनु पर्दछ ।

(ङ) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपदवाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ ।

(च) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभ सँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्छ ।

(छ) "विपद् कोष" भन्नाले गुठिचौर गाँउपालिका विपद् व्यवस्थापन कोषलाई सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले गाँउ विपद् व्यवस्थापन समिति सम्झनु पर्छ ।

## परिच्छेद-२
## विपद व्यवस्थापन पुर्वतयारी

३ विपद व्यवस्थापनको पुर्वतयारीः (१) गुठिचौर गाँउपालिकाको विपद व्यवस्थापन समितिले आफ्नो क्षेत्रभित्र विपद पुर्वतयारीको कार्य गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम विपद व्यवस्थापनको पुर्वतयारी गर्दा पुर्व सूचना प्रणालीलाई प्रभावकारी बनाई जनधनको क्षति न्यूनिकरण गर्न खोज उद्धारमा प्रयोग हुने सामाग्रीको भण्डारण गरी राख्ने,पुर्व सुचनालाई बिभिन्न माध्यामबाट तत्काल जनसमुदायमा पुर्याउने, विपदको दैनिक अवस्था प्रतिवेदन प्रकासन गर्ने, सामाजिक संचार माध्यम बाट समय समय मा प्रकासन गर्ने, बिभिन्न होडीङबोर्डका माध्यामबाट सचेतना जगाउन कृयाकलाप संचालन गर्नुपर्ने ।

(३) गुठिचौर गाँउपालिकाले विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ,तालिम कार्यक्रमहरु संचालन गर्ने, तालिम प्राप्त जनसक्तिको सुचि तयार गर्ने, राहत सामाग्रीको तथ्यांक राख्ने र विपदका समयमा त्यस्ता सामाग्रीको सहज उपयोग हुनसक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

(४) विपंदको समयमा पिडित परिवारलाइ सुरक्षित स्थानमा राखी स्वास्थ्य सेवा लगायतका अत्यावस्यक सेवाहरु संचलन गर्न शिविरहरु संचलान गर्नु पर्ने अवस्था समेतको आकलन गरी जिल्ला विपद व्यवस्थापन समिति र स्थानिय पालिका विपद व्यवस्थापन समिति ले आपसि समन्वयमा कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) जोखिममा परेका बस्तिको पहिचान गरी त्यस्ता वस्तिको संरक्षण गर्न तथा वस्ति स्थानान्तरण का सम्वन्धमा जोखिम सम्वेदनशील भु उपयोग योजना लागु भएकोमा सो अनुरुप र त्यस्तो योजना नभएको खण्डमा सुरक्षित स्थान पहिचान गरी कार्यकारी समिति र जिल्ला विपद व्यवथापन समितिले अस्थाई आवास व्यवस्थापनको योजना तयार गर्नुपर्नेछ।

**४ जनसक्ति व्यवस्थापनः** स्वीकृत कार्यक्रमको परिधि भित्र रही गाँउपालिकाले विपदको समयमा उद्धार र प्रथामिक उपचारको लागी आवस्यक खोज तथा उद्धारकर्मी सहितको जनसक्ति व्यवस्थापन गर्नु पर्नेछ।

**५ विपद उद्धार सामाग्री भण्डारणको व्यवस्थाः** कार्यकारी समितिले विपद उद्धार कार्यमा आवस्यक पर्ने सामाग्री पालिका भित्र भण्डारको लागी जिल्ला विपद व्यवस्थापन समिति प्रदेश विपद व्यवस्थापन केन्द्र र सम्वन्धित मन्त्रालयमा समन्वय गरी सामाग्री व्यवस्थापन गर्नु पर्नेछ।

**६ विपद उद्धार सामाग्री ढुवानि को व्यवस्थाः** (१) जिल्ला प्रशासन कार्यालय र गाँउपालिकाले आपसी समन्वयमा विपद उद्धार तथा राहतका सामाग्री भण्डारण केन्द्र बाट पिडित भएको क्षेत्र सम्म ढुवानि गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम ढुवानि गर्दा सम्भव भएसम्म सडक यातायात पुगेको ठाँउमा सडक सवारी साधनको प्रयोग गर्नु पर्नेछ। यस्तो अवस्थामा सम्भव भयसम्म सार्वजनिक निकायमा भएको सवारी साधनको प्रयोगलाई प्रथामिकता दिनुपर्नेछ।

(३) सडक यातायात नपुगेको वा सडक यातायात अवरोध भएको अवस्थामा विपद घटेको स्थान सम्म आपतकालिन उद्धार राहत सामाग्री ढुवानि गर्न जिल्ला विपद व्यवस्थापन समिति प्रदेश विपद व्यवस्थापन समिति र वा मन्त्रालय संग समन्वय गरी मितव्यीयी ढंगले उपयूक्त र छरीतो साधनको प्रयोग गर्न सकिनेछ।

(४) स्थानिय तहले आफ्नै खर्चमा विपद उद्धार तथा राहत सामाग्री ढुवानिका लागी मितव्ययी ढंगले उपयूक्त र छरीतो साधनको प्रयोग गर्न सकिनेछ।

CamScanner

## परिच्छेद ३

**विपद उद्धार, प्रथामिक उपचार, तत्काल राहत र अस्थायी बसोवास सम्वन्धि व्यवस्था**

७ **विपद उद्धार कार्य:** (१) विपद उद्धार कार्यमा दफा ४ बमोजिमका जनसक्तिलाइ गाँउपालिका विपद व्यवस्थापन समितिले विपद उद्धारको कार्यमा परीचालन गर्न सक्नेछ।

(२) उद्धार कार्यमा थप जनसक्ति आवस्यक परेमा गाँउपालिका विपद व्यवस्थापन समितिले सम्वन्धित जिल्ला विपद व्यवस्थापन समिति वा जिल्ला प्रशासन कार्यालयले सुरक्षा निकाय संग आवस्यक समन्वय गरी जनसक्ति व्यवस्थापन गर्नु पर्नेछ।

८ **प्रथामिक उपचारको व्यवस्था गर्नुपर्ने:** (१) विपदमा परी घईते भएका पिडित लाइ प्रथामिक उपचार का लागी आवस्यक व्यवस्था मिलाउने जिम्मेवारी स्वास्थ्य शाखा र सम्वन्धित वडामा रहेको स्वास्थ्य केन्द्रको हुनेछ।

(२) उपदफा १ बमोजिम प्रथामिक उपचार गरेको घईतेको अवस्था गम्भीर भएमा स्वास्थ्य शाखा र सम्वन्धित वडामा रहेको स्वास्थ्य केन्द्रको समन्वयमा एम्बुलेन्स वा अन्य साधन बाट सुविधा सम्पन्न नजिकको स्वास्थ्य संस्था सम्म पुर्याउने व्यवस्था गाँउपालिका विपद व्यवस्थापन समितिले मिलाउनु पर्नेछ।

(३) उपदफा २ बमोजिम घाईको अवस्था गम्भीर भई स्थानिय स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने र तत्काल उपचार नभएमा घाईते व्याक्तिको ज्यान जानसक्ने भई थप सुविधार भएको स्वास्थ्य संस्थामा लगी उपचार गर्नु पर्ने भनी सम्वन्धित स्वास्थ्य संस्था वा गाँउपालिका विपद व्यवस्थापन समितिले सिफारीस गरेमा जिल्ला विपद व्यवस्थापन समिति ले वा प्रदेश विपद व्यवस्थापन समिति वा मन्त्रालयले उपयूक्त यातायातको साधन मार्फत उपचार स्थल सम्म लैजाने व्यवस्था मिलाउन सक्नेछ।

९ **तत्काल राहत उपलव्ध गराउनु पर्ने:** (१) गाँउपालिका विपद व्यवस्थापन समितिले पिडित लाई तत्काल आवस्यक पर्ने खाध्य तथा गैर खाध्य राहत सामाग्री उपलव्ध गराउनु पर्नेछ।

(२) उपदफा १ बमोजिम राहत सामाग्री वतरण गर्दा पिडितहरुको वर्गीकरण गरी उनिहरुको संवेदनसिलता लाई मध्यनजर गरी समताका आधारमा वितरण गर्नु पर्नेछ।

(३) उपदफा १ बमोजिम उपलव्ध गराईने राहत सामाग्रीको व्यवस्थापनमा गाँउपालिका विपद व्यवस्थापन समितिले जिल्ला विपद व्यवस्थापन समिति वा अन्य दातृ निकाय संग सहयोग लिन सक्नेछ।

CamScanner

१० **अस्थायी बसोवासको व्यवस्था मिलाउनु पर्ने:** (१) विपदका कारण आफ्नो बसोवास स्थल गुमाएका घर परीवारका सदस्य लाइ कार्यकारी समितिको समन्वयमा दफा ३ को उपदफा ५ बमोजिमको स्थानमा अस्थाई बसोवासको व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा १ बमोजिम बसोवासको व्यवस्थापन गर्दा सुरक्षा संवेदनसिलता लाई मध्यनजर गर्दै समता का आधारमा बसोवासको व्यवस्था मिलाउनु पर्नेछ।

११ **क्षतिको विवरण संकलन गर्नुपर्ने:** विपदको घटना घटेपछि सम्वन्धित वडाको समन्वयमा तत्काल जनधनको क्षतिको पुर्ण विवरण संकलन गर्नु पर्नेछ।

## परिच्छेद ४

## कोषको व्यवस्था

१२ **कोषबाट व्यहोरिने:** ) (१) विपदका कारण आफ्नो चल अचल सम्पत्ति क्षति भई तत्ककाल खान लाउन लगायत आधारभुत आवस्यकता परीपुर्ती गर्न असमर्थ घर परीवारलाई राहत स्वरुप उपलब्ध गराइने सहयोग गाँउपालिका विपद् व्यवस्थापन कोषबाट व्यहोरिने छ।

(२) उपदफा १ बमोजिम को कोष गाँउपालिका ले छुट्टै कार्यविधि निर्माण मार्फत स्थापना गर्नु पर्नेछ।

## परिच्छेद ५

## राहत वितरण सम्वन्धि व्यवस्था

१३ **निवेदन दिनुपर्ने:**विपदको घटनाबाट पिडित व्यात्ति वा निजको हकवालाले दफा १६ बमोजिमको राहत प्राप्त गर्नको लागी अनुसूची १ बमोजिमको ढाँचामा विपद शाखामा विपदको घटना घटेको पैतिस दिनभित्र निवेदन दिनुपर्नेछ। निवेदन साथ क्षेति भए को घटनाको यथार्थ विवरण खुल्ने सर्जिमिन मुचुल्का फोटो भिडियो लगायतका प्रमाणहरु संगै राख्न सकिनेछ।

१४ **विवरण पठाउनु पर्ने:**(१) दफा १३ बमोजिम पेश भएको निवेदन विपद शाखाले अनुसुची २ बमोजिमको विवरण तयार गरी जिल्ला विपद व्यवस्थापन समितिमा पठाउनु पर्नेछ। र सो अभिलेख लाई विपद पोर्टलमा अध्यावधिक गर्नुपर्नेछ।

(२) उपदफा १ बमोजिम प्रतिवेदन तयार गर्दा दफा ११ बमोजिमको क्षतिको विवरण,दफा १३ बमोजिमको निवेदन प्रहरी मुचुल्का, स्वास्थ्य संस्था बाट जारी भएको विल भर्पाइको विवरण र

सम्वन्धित वडा कार्यालयको सिफारीस गाँउपालिका विपद व्यवस्थापन समितिले गरेको निर्णय लगायतका कागजातका आधारमा तयार गर्नुपर्नेछ ।

(३) उपदफा २ बमोजिम कागजात संकलन गर्दा पिडित पक्षले पेश गरेको बाहेकका कागजात (प्रहरी मुचुल्का, स्थलगत प्रतिवेदन, लास जाँच प्रतिवेदन) सम्वन्धित प्रहरी चौकी वा विपदको अवस्थामा घटना स्थलमा प्रतक्ष रुपले खटिने प्रहरी टोलि प्रमुख बाट संकलन गर्नुपर्नेछ ।

१५ रकम उपलब्ध गराउनु पर्नेः दफा १४(१) बमोजिमको विवरण प्राप्त भएपछि गाँउपालिकाले विपद व्यावस्थापन कोष बाट यस कार्यविधिमा तोकीए बमोजिम को रकम उपलब्ध गराउनु पर्नेछ ।

(२) यस कार्यविधिमा उल्लेखित प्रकृतिका विपदका घटनाको कारण बाट क्षति पुगेका पिडितलाई दफा १६ को अधिनमा रही रकम प्रदान गर्नुपर्नेछ ।

(३) दफा १६ मा उल्लेखित विपदका घटना बाहेकका अन्य घटनाका सम्वन्धमा गाँउपालिका विपद व्यवस्थापन समितिले राहत उपलब्ध गराउन आवस्यक छ भनी निर्णय गरेमा यस कार्यविधिमा उल्लेखित सीमाभित्र रही राहत वितरण समितिले निर्णय गरे बमोजिम राहत रकम उपलब्ध गराउन सकिनेछ ।

**१६ राहत रकम प्रदान गरीने आधार र सीमाः** (१) विपद पिडितलाई देहाय बमोजिमको आधार र सीमाभित्र रही राहत वितरण समितिको निर्णय बमोजिम विपद व्यवस्थापन शाखा मार्फत राहत रकम उपलब्ध गराउन सकिनेछ ।

क) विपदमा परी परीवारका सवै सदस्यको मृत्यू भएमा नजिकको हकवालाई काजकिरिया खर्च वापत एकमुस्ट पचास हजार रुपैयाँ ।

ख) विपदमा परी परीवारको कुनै सदस्यको मृत्यू भएमा प्रचलित कानून बमोजिम एकाघरको सदस्य वा नजिकको हकवाला लाई काजकिरिया खर्च वापत एकमुस्ट पच्चिस हजार रुपैयाँ ।

ग) विपदमा परि गम्भिर घाईते हुनेको हकमा सरकारी अस्पतालमा उपचार गराउदाँ उपचार गरेको प्रमाण पेश भएपश्चात उपचार तथा यातायात खर्च वापत प्रति व्याक्ति पच्चिस हजार रुपैयाँ ।

घ) पिडित बसवास गर्दै आएको आवास विपदको कारण पुर्ण रुपमा क्षति भई बस्न नमिल्ने भएको अवस्थामा अस्थाइ आवास निर्माणको लागी रु पचास हजार ।

ङ) पिडित बसवास गर्दै आएको आवास विपदको कारण पुर्ण रुपमा क्षति भई बस्न नमिल्ने भएको अवस्थामा घर निर्माण गर्ने प्रयोजनका लागी बढीमा एक लाख रुपैयाँ ।तर यस्तो रकम नेपाल सरकार गृह मन्त्रालय बाट जारी विदप पिडित उद्धार र राहत सम्वन्धी मापदण्ड अनुसार प्रदेश सरकारले व्यहोर्ने दायित्व अनुसार उपलब्ध गराउनु पर्नेछ ।

च) पिडित बसोवास गर्दै आएको आवास विपदका कारण आंशिक क्षति भइ मर्मत गर्नु पर्ने अवस्थामा मर्मत खर्चका लागी अवस्था हेरी बढीमा तिस हजार रुपैयाँ ।

छ) विपदका कारण कुनै घर पूर्ण रुपमा क्षति भइ त्यस्तो घरमा बहालमा बस्ने व्याक्ति वा परिवारको धानमाल क्षति हुन गएमा प्रति परीवार बढीमा पन्द्र हजार रुपैयाँ ।

ज) हिम पहिरो मा परी वा जडिवुडि संकलनको क्रममा विपदको घटना मा परी कुनै व्यात्तिको मृत्यू भएमा सव दुवानी बपत बढिमा पचास हजार र किरीया खर्च वातप तिस हजार एकमुस्ट दिन सकिने ।

झ) विपद् मा परी कुनै व्यक्ति वेपत्ता भई खोजी कार्य गर्दा घटना भएको मितिले नव्वे दिनसम्म फेला नपरेमा वडा कार्यालयको सिफारीस र प्रहरी प्रतिवेदनको आधारमा एकाघरको नजिकको हकवालालाई खोजि कार्य लाई सहज बनाउन एकमुष्ठ रु पच्चीस हजार।

ञ) माथि जुन सुकै कुरा लेखिएको भएता पनि हावाहुरी वा चट्याङ्वाट घरको छानो वा अन्य सामान्य क्षति भएमा रु पाँच हजार देखी रु पच्चिस हजार सम्म राहत उपलब्ध गराउने ।

ट) चौपाय बस्तुको हकमा विमा नभएको भन्ने वडा कार्यालयको सिफारिस भएमा मात्र चट्याङ, हावाहुरी, आगलागी जस्ता घटनाबाट क्षति भएका वस्तुभाउहरुको निम्न बमोजिमको राहात रकम उपलब्ध गराउन सकिनेछः

१)जिल्ला दर रेट अनुसार ७% का दरले राहत रकम उपलब्ध गराउन सक्नेछ। विमा गरेको हकमा यो व्यवस्था लागु हुनेछैन ।

२) नियतवस पशु चौपायमा विस खुवाइ नोक्सान पुर्यायमा राहत वितरण समितिले छानविन गरी उपयूक्त ठहर्यायको खण्डमा उक्त समितिको निर्णय बमोजिम यस कार्यविधिमा उल्लेख भए अनुरुप राहत वितरण गर्न सकिनेछ ।

३) बोट विरुवा विपद को कारण नोक्सान भएमा विषय विज्ञको सिफारीसमा लाभ लागत विश्लेषण गरी विरुवाको उत्पादनको आधारमा प्रति विरुवा रु पचास देखि अधिकतम रु एक सय सम्म प्रदान गर्न सकिनेछ ।

४) बालिनालिको हकमा प्रति वर्ग मिटर रु पचासका दरले हुन आउने रकम प्रदान गर्न सकिनेछ ।

ठ) (२) उपदफा १ को खण्ड (घ) र (ङ)को प्रयोजनका लागी आवास निर्माण वा मर्मतको लागी रकम उपलब्ध गराउदा क्षेति भएको घरमा जतिसुकै परीवार वसेको भएता पनि एउटा घरको प्रयोजनका लागी मात्र रकम उपलब्ध गराउनु पर्नेछ ।

(३) प्रदेश सरकारको कार्यक्रम अन्तर्गतको विमा कार्यक्रमले सम्बोधन गरेको अवस्थामा विपदका घटनाको सम्वन्धमा गाँउ विपद व्यवस्थापन समितिले विमा रकम दाबी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

१७ **राहत वितरण समितिको गठनः**(१) गाउँपालिका क्षेत्र भित्र प्राकृतिक एवं गैर प्राकृतिक विपद् परेका गाँउवासी तथा उनीहरुका परिवारलाई राहत वितरण गर्न देहाय बमोजिम राहत वितरण समिति गरीने छ ।ज

क) गाउँपालिका प्रमुख — अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

ग) वडा अध्यक्षहरु — सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ङ) वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक — सदस्य

च) पूर्वाधार विकाश शाखा — सदस्य

छ) वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख — सदस्य सचिव

१८ **प्रथामिकता दिनुपर्नेः** पिडितलाई उद्धार गरी अस्थाइ आश्रय स्थलमा राख्दा तथा राहत वितरण गर्दा संकटासन्न अवस्थामा रहेका सुत्केरी महिला, गर्भवति महिला ,बालबालिका ,जेष्ठ नागरीक, बिरामी तथा अपाङ्गता भएका व्याक्तिहरुको पोषण स्थीतिलाई प्रथामिकता दिनु पर्नेछ ।

१९ **रकम निकासा र वितरण सम्वन्धि व्यवस्थाः** (१) दफा १६ बमोजिमको राहत वापतको रकम गाँउपालिका विपद व्यवस्थापन कोषबाट बेहोरीनेछ ।

(२) उपदफा १ बमोजिमको खर्च सम्वन्धित विपद व्यवस्थापन शाखाको नाममा निकासा गरीनेछ ।

(३) उपदफा २ बमोजिम निकासा भएको रकम विपद व्यवस्थापन शाखाले पिडितले उपलब्ध गराएको बैङक खातामा जम्मा गरीदीनु पर्नेछ ।

(४) कोषमा रकम अपुग भएमा गाँउ कार्यपालिका बैठक बाट थप माग गरी निकासा भए बमोजिम गर्नु पर्नेछ ।

२० **अग्रीम पेश्की दिन सक्नेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाँउपालिका राहत वितरण समिति को निर्णय बमोजिम विपद पिडितलाई राहत रकम वितरण गर्ने प्रयोजनको लागी विपद व्यवस्थापन शाखालाई अग्रीम रुपमा पेश्की प्रदान गर्न सकिनेछ ।

(२) उपदफा १ बमोजिम प्रदान गरीएको रकम सम्वन्धित शाखाले यस कार्यविधिको अधिनमा रही राहत वितरण गर्नु पर्नेछ र सो को चौमासीक प्रतिवेदन अनुसुचि ३ बमोजिमको ढाँचामा राहत वितरण समितिमा छलफल गराई अनुमोदन गराउनु पर्नेछ ।

CamScanner

## परिच्छेद ६

## विविद

२१ **आपतकालिन कार्य संचालन केन्द्रः** (१) विपद व्यवस्थापन मा सुचना प्रणालीलाई व्यवस्थित गर्न स्थानिय स्तरमा आपतकालिन कार्य संचालन केन्द्र निर्माण गर्न सकिनेछ।

(२) उपदफा १ बमोजिम स्थानिय तहका आपतकालिन कार्य संचालन केन्द्र को संस्थागत क्षमता बिकाश को लागी गाँउपालिकाको आवस्यक समन्वयमा जिल्ला आपतकालिन कार्य संचालन केन्द्रले आवस्यक कार्यक्रम संचालन गर्न सक्नेछ।

(३) उपदफा २ बमोजिम समन्वय गर्दा आपतकालिन कार्य संचालन केन्द्रले आफुलाइ प्राप्त विपद सम्वन्धि सुचना उपयूक्त माध्याम बाट विपद पोर्टलमा अध्यावधिक गरी जानकारी गराउनु पर्नेछ।

२२ **हवाई साधनको प्रयोग गर्न सकिनेः** (१) यस कार्यविधि बमोजिम विपद को समयमा दफा ६ को उपदफा ३ बमोजिमको आपतकालिन राहत समाग्रीको तत्काल ढुवानि गर्नु परेमा र दफा ८ को उपदफा ३ बमोजिमको अवस्थामा उपयूक्त र छरीतो साधनको रुपमा हवाई साधनको प्रयोग गर्नु पर्ने भनि गाँउपालिका विपद व्यवस्थापन समितिको निर्णय भएको अवस्थामा जिल्ला प्रसासन कार्यालय मार्फत नेपाल सरकार गृह मन्त्रालयमा लेखी पठाउन सक्नेछ।

(२) उपदफा १ बमोजिम गरीएको अनुरोधमा गृह मन्त्रालय सेवा उपलब्ध भएमा स्थानिय सरकारले प्रदेश सरकार लाई खर्च व्यवस्थापनको लागी आग्रह गर्न सक्नेछ।

(३) उपदफा २ बमोजिम आग्रह गर्दा कर्णालि प्रदेश सरकार ले स्वीकृत गरेको विपद पिडित उद्धार तथा राहत वितरण कार्यविधि २०७९ मा भएको व्यावस्था बमोजिम लेखि पठाउन सक्नेछ।

२३ **राहत रकम उपलब्ध नगराईनेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कसरा लेखियको भयतापनि अन्यत्र आवास बनाई स परिवार स्थायी वा अस्थाइ रुपमा बसोवास भएको कारण साविकको घरमा कुनै विपदका घटना घटि विपद बाट क्षति भएमा दफा १६ को उपदफा १ को खण्ड(घ) (ङ) (च) (छ) बमोजिको रकम उपलब्ध गराइने छैन।

(२) राहतको लगी निवेदन दिने व्यक्तिले उपदफा १ बमोजिमको अवस्था नभएको स्वः घोषणा गर्नु पर्नेछ।

२३ **कार्वाही गरीने:**कसैले झुटा विवरण पेश गरी राहत रकम लिएको व्यहोरा प्रमाणित भएमा प्रचलित कानून बमोजिम कार्वाहि गरी त्यसरी लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

२४ **सुचना प्रविधिको प्रयोग गर्न सकिने:** यस कार्यविधि बमोजिमका क्रृयाकलापहरु संचालनमा सहजता र एकरुपता कायम गर्न सुचना प्रविधिको प्रयोग गर्न सकिनेछ ।

२५ **सहयोग लिन सकिने:** (१) यस कार्यविधि बमोजिम विपद व्यवस्थापन को कार्यसम्पादन गर्दा प्रचलित कानून बमोजिम सरकारी गैर सरकारी संघ संस्था एवम् नागरीक समाज र दातृ निकाय बाट जिन्सी प्राविधिक तथा नगद सहयोग लिन सकिनेछ ।

(२) उपदफा १ बमोजिम प्राप्त भएको सहयोगलाइ एकद्धार संकट व्यवस्थापन प्रणाली मार्फत वितरण गर्नुपर्नेछ ।

(३) उपदफा २ बमोजिम दातृ निकाय, मानवीय सहायता संस्था वा कुनै प्रकृतिको गैह्र सरकारी संस्थाले राहत वितरण गर्दा राहत वितरण योजना गाउँपालिकामा पेश गर्नुपर्ने छ ।

२६ **राहत उपलब्ध गराइएको संक्षिप्त व्यहोरा सार्वजनिक गर्नुपर्ने:**(१) यस कार्यविधि बमोजिम राहत प्राप्त गर्ने व्याक्ति वा परीवार वा संस्थाको नामावलि र प्राप्त गरेको राहतको संक्षिप्त विवरण खुलाइ गाँउपालिकाले आफ्नो वेभसाइटमा वा गाँउपालिकाको सुचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम को विवरण

२७ **लेखा तथा लेखापरीक्षण:** राहत वितरण गर्ने शाखाले प्रदान गरीएको राहत रकमको लेखा राखी सो को आन्तरीक लेखापरीक्षण गाँउपालिकाको आन्तरीक लेखापरीक्षक बाट गराउनु पर्दछ र अन्तिम लेखा परीक्षणको लागी लेखा शाखामा विवरण उपलब्ध गराउनुपर्दछ ।

२८ **अनुगमन गर्न सक्ने:** यस कार्यविधि बमोजिम भएको काम कार्वाहीको कार्यान्वयन का सम्बन्धमा गाँउपालिकाको कार्यालय ले आवस्यकता अनुसार अनुगमन गर्न सक्नेछ ।

२९ **पीडितहरुको पुनःस्थापना तथा पुन निर्माण:** (१) विपदबाट क्षति भएका घर, टहरा निर्माणका लागि प्रचलित नीति तथा कानुन बमोजिम जिल्ला वन कार्यालय एवं स्थानीय वन उपभोक्ता समिति मार्फत सहुलियत दरमा काठ उपलब्ध गराउने व्यवस्था मिलाउन सक्नेछ ।

(२) उपदफा १ बमोजिम सम्वन्धित वन उपभोक्ता समितिहरुले गाँउपालिका विपद व्यावस्थापन समिति ले निर्णय गरे बमोजिम निशुल्कः वा सहुलियत दरमा काठ उपलब्ध गराउनु पर्नेछ ।

३० बाधा अडकाउ फुकाउने अधिकारः यस कार्यविधिको कार्यान्वयनमा गर्दा कुनै बाधा अडकाउ परेमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

३१ खारेजी र बचाउः राहत सहयोग सम्बन्धी यस पूर्व गाउँ कार्यपालिकाले गरेका निर्णयहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

अनुसूची. १
(दफा ८ सँग सम्बन्धीत)
राहत माग गर्ने निवेदनको ढाँचा

श्रीमान वडा अध्यक्ष ज्यू

..वडा कार्यालय

विषयः राहत सहयोग सम्बन्धमा ।

प्रस्तुत विषयमा मिति..... गतेका दिन गुठिचौर गाउँपालिका वडा नं..... टोल..........मा भएको विपद्का सम्बन्धमा विपबाट भएको क्षतिको राहत वितरण सम्बन्धी मापदण्ड २०८२ बमोजिम राहत सहयोग पाउँ भनी देहायको विवरणसहित यो निवेदन पेश गरेको छु छौं।

१। विपदको घटनाः
२) घाइते मृतकको नाम
नागरिकता
३) घाइते मृतकको नागरिकताको प्रमाणपत्र नं.......र जारी मिति
४) बाबुको नाम
५) आमाको नामः
६) अनुमानित क्षतिको विवरण (परिमाण र मुल्य सहित)
७। मृतकको हकमा हकवालाको नागरिकताको प्रमाणपत्र र नाता प्रमाणित पत्र (संलग्न गर्ने।

८) प्रहरी मुचुल्का ।
९) घटनासंग सम्बन्धीत तस्विर (संलग्न गर्ने ।

(ख) यस मापदण्ड नेपालको संविधान र अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

अनुसूची २

दफा १४ संग सम्बन्धीत

चौमासिक राहत बितरण बवरण ढाँचा

मिति................................................ देखि ..................................................

सम्मको

विवरण

| क्र.सं | विपद बिवरण | वडा नं | संख्या | राहत प्रदान गरिएको रकम | जिन्सि भए खुलाउने | कैफीयत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

आज्ञाले

टेक बहादुर बुद्धथापा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner